**Ryan Park**
स्वास्थ्य मन्त्री
क्षेत्रीय स्वास्थ्य मन्त्री
Illawarra र दक्षिणी तटका लागि मन्त्री

# मिडिया विज्ञप्ति

Nepali

## नयाँ अभियानले सेप्सिसको बारेमा चेतना जगाउँछ

**बुधबार, १० अप्रिल २०२४**

जनसमुदायमा एउटा नयाँ अभियान सञ्चालनमा छ जस्मा  यदि उनीहरू वा उनीहरूका कुनै प्रियजनले उनीहरूको शरीरमा संक्रमणको चरम प्रतिक्रिया हुँदा सम्भावित घातक अवस्थाको संकेत र लक्षणहरू देखाइरहेका छन् भने अग्रपंक्तिका स्वास्थ्यकर्मीहरूसँग 'के यो सेप्सिस हुन सक्छ ?' भने प्रश्न सोध्न प्रोत्साहित गरिरहेको छ-

स्वास्थ्यमन्त्री Ryan Park ले सेप्सिस धेरै गम्भीर छ र चाँडै कार्य गर्नु महत्त्वपूर्ण छ भन्नुभयो|

"सेप्सिसले जसलाई पनि असर गर्न सक्छ र म मानिसहरूले ढिलाइ नगरी मद्दत मागोस् भन्ने चाहन्छु यदि उनीहरू, वा उनीहरूका प्रियजन, धेरै अस्वस्थ छन् भने, यदि उनीहरूलाई भर्खरै डाक्टर वा अन्य पेशेवर स्वास्थ्यकर्मीले हेरेका छन् भने पनि ," श्री Park ले भन्नुभयो|

"अष्ट्रेलियामा प्रत्येक वर्ष कम्तिमा ५५,००० मानिसमा सेप्सिसको विकास हुन्छ र तीमध्ये ८,००० भन्दा बढी सेप्सिससम्बन्धी जटिलताहरूबाट मर्छन्|

"त्यसैले यो महत्त्वपूर्ण छ कि मानिसहरू नडराऊन् र सशक्त होऊन् यो सोध्न कि 'के यो सेप्सिस हुन सक्छ ?' किनभने प्रारम्भिक उपचारले जीवन बचाउन सक्छ," उनले भने|

बालरोग विशेषज्ञ डा. Matthew O'Meara ले भने कि सेप्सिस भएको व्यक्तिले प्रायः उनीहरूले सबैभन्दा बिरामी महसुस गरेको रिपोर्ट गर्दछ|

"हामी मानिसहरूको लक्षणहरूलाई नजिकबाट ध्यान दिन चाहन्छौं, र यदि लक्षणहरू खराब भएमा तत्काल चिकित्सा हेरचाह खोज्न चाहन्छौं," डा. O'Meara भने|

"तपाईंमा सेप्सिसका केही लक्षणहरू मात्र हुन सक्छन् र यसका लक्षणहरु सुरुमा सूक्ष्म हुन सक्छन्|

"हामी मानिसहरूलाई उनीहरूको मनमा लागेको कुरामा विश्वास गर्न आग्रह गर्दछौं, विशेषगरी आमाबाबुहरू जो आफ्नो बच्चाको व्यवहारको बारे विज्ञ हुन्छन्|"

डा O'Meara ले भने कि सेप्सिस ब्याक्टेरिया, भाइरल र फंगलसहित कुनै पनि प्रकारको संक्रमणको कारण हुन सक्छ र ती संक्रमणहरू शरीरको कुनै पनि भागमा हुन सक्छ|

सेप्सिसका धेरै सम्भावित संकेतहरू र लक्षणहरू छन् र यसो हुँदा उनीहरू धेरै छिटो बिरामी हुने, सास फेर्न कठिनाई, भ्रम, दाग वा निलो, खैरो, फिक्का वा टाटे छाला समावेश गर्दछ| गम्भीर रोगको संकेत गर्न सक्ने साना बच्चाहरूमा हेर्ने लक्षणहरूमा सामान्यभन्दा शान्त वा सुत्ने वा उठ्न गाह्रो, चिडचिडापन, उच्च तीखो रुवाइ, खाने/खुवाएको खान इन्कार, कम भिजेको नाप्पी, चिसो वा धब्बा भएका हातखुट्टा र सास फेर्न कठिनाई समावेश छ|

यदि तपाईं वा तपाईंले हेरचाह गर्ने व्यक्ति गम्भीर रूपमा अस्वस्थ हुनुहुन्छ भने 000 मा फोन गर्नुहोस् वा तपाईंको स्थानीय आपतकालीन विभागमा जानुहोस्। यदि तपाईं आफ्नो वा तपाईंको बच्चाको स्वास्थ्यको बारेमा चिन्तित हुनुहुन्छ भने तपाईंको डाक्टर वा Healthdirect लाई 1800 022 222 मा फोन गर्नुहोस्।

थप जानकारी NSW Health वेबसाइट र Sydney Children's Hospital Network वेबसाइटमा उपलब्ध छ – बच्चाहरूमा गम्भीर रोगको संकेतहरू।

**मिडिया: Daryl Tan | मन्त्री Park | 0422 028 222**